शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल।

प.सं. : ०८२/८३
च.नं. :

वि.सं. २०८२/०९/०४

## उत्कृष्ट कृषक सम्मान पुरस्कार सम्बन्धी सूचना।

यस शितगंगा नगरपालिका वडा नं. ३, डमरुदह क्षेत्रमा मिति २०८२/०९/०९ गते देखि २०८२/०९/२१ गतेसम्म हुन गइरहेको चौंथो शितगंगा कृषि, पर्यटन, साँस्कृतिक तथा औद्योगिक व्यापार महोत्सव - २०८२ को अवसरमा शितगंगा नगरपालिका, कृषि विकास शाखाको आयोजनामा कृषि प्रदर्शनी मेला सञ्चालन हुन गइरहेकाले तपसिल बमोजिमको मापदण्ड पुगेका इच्छुक नेपाली कृषकहरुले हाल खेती गरिरहेको कृषि उपजहरुको प्रदर्शन गरी पुरस्कृत हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना जारी गरिएको छ।

तपसिल :

**उत्कृष्ट कृषक सम्मान पुरस्कारका लागि न्यूनतम मापदण्ड**

- अन्न, दलहन तथा तेलहन बाली - १० रोपनीमा खेती गरेको।
- तरकारी तथा पुष्प बाली - २ रोपनीमा खेती गरेको।
- मसला बाली - ५ रोपनीमा खेती गरेको।
- कफी खेती - ५ रोपनीमा खेती गरेको र कम्तीमा २ वर्ष फलेको।
- फलफूल खेती - ५ रोपनीमा खेती गरेको र कम्तीमा २ वर्ष फलेको।
- मिति २०८२/०९/०९ देखि २०८२/०९/११ गतेसम्म नाम दर्ता गराइसक्नुपर्नेछ।

थप जानकारीका लागि शितगंगा नगरपालिका, कृषि विकास शाखामा सम्पर्क गर्नुहोला।

*पुनश्च : उत्कृष्ट कृषक सम्मान पुरस्कारका लागि न्यूनतम मापदण्ड लुम्बिनी प्रदेशको उत्कृष्ट कृषकलाई सम्मान पुरस्कार कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७५ लाई आधार मानी तय गरिएको छ।*

रमा पाण्डे
सहायक प्रशासकीय अधिकृत